दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा बैतडी

पत्र संख्या :०७९/८०
चलानी नम्बर :

सुदुर पश्चिम प्रदेश
मिति :२०७९/०४/११ गते

( प्रथम पटक प्रकाशित मिति २०७९।०४।११)

यस नगरपालिकाका बाट स्थानीय सरकारी संचालन ऐन २०७४ परिच्छेद ३ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बालुवाको बिकी संकलन तथा निकासी सम्बन्धि तपसिल अनुसार तोकिएको दररेटमा नघटने गरी तपसिल बमोजिमको नदीहरु गाउँ बस्ती खेत एवं वातावरणमा नकारात्मक असर नपर्ने गरी बालुवा बिकी तथा संकलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नु परेकोले इच्छुक व्यक्ति तथा फर्महरुले तोकिएको अवधि भित्र रित पुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन १५ दिने सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने क्षेत्र | बार्षिक न्युनतम अकं( भ्याट बाहेक) |
|---|---|---|---|
| १ | बालुवा निकासी | दनपा ८ महाकाली नदीको मौरा बगर | ४,५०,०००।- |
| २ | बालुवा निकासी | दनपा ६को सेरा, महाकाली र चौलानी नदीको बगर | ९,००,०००।- |

**ठेक्काका शर्तहरु**

१.बोलपत्र खरीदको लागि रु १०००।-(अक्षेरुपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सो को रसिद पेश गरि यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र नगरपालिकाको कार्यालयबैतडी बाट कार्यालय समय भित्र खरीद गर्नु पर्ने छ ।

२.बोलपत्र फारम साथ धरौटी बाफतको रकम कबोल अकंको ५ प्रतिशत यस कार्यालय को रा.बा. बैक शाखा बैतडी स्थित ग-३ ४०५०१००३०३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

३ खरीद गरिएको बोलपत्र प्रष्ट संग भरी ठेकेदारले प्रत्येक पानामा सही छाप गरि खाम बाहिर व्यक्ति,फर्म वा कम्पनीको नाम प्रष्ट लेखि यो सुचना प्रकाशित भएको मितिले १६औ दिन १२: ०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ ।

४.बोलपत्र खरीद गर्ने दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरीद गर्ने दर्ता गर्न सकिनेछ ।

५. बोलपत्र सोहि दिनको २: ०० बजे ठेकेदारका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । ठेकेदारका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. कुनै पनि कारण जनाई वा नजनाइ सम्पुर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराएको बोलपत्रमा कुनै थपघट वा द्रष्टद्रव्य नलेखेको हुनु पर्ने छ । समय भित्र पेश नभएको रीत नभएको सुचनाका शर्त विपरित भएको बोलपत्र उपर कुनै कारुवाही हुने छैन् ।

८.कबोल अकं अक्षर र अकंमा प्रष्ट संग उल्लेख गर्नु पर्ने छ । अकं र अक्षरमा लेखिएको मान्यता दिइने छ ।

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

९. गत विगत वर्ष मा ठेक्का लिई ठेक्का बाफत न.पा. कार्यालय लाई बुझाउन बाकी रकम र नबुझाएका बाकी रकम र नबुझाएका ठेकेदार वा व्यक्तिको ठेक्का स्वीकृत गारिने छैन ।

१०. ठेकेदारले सम्झौताको सम्पुर्ण रकम एकमुष्ठ बुझाएमा औचित्य हेरी १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

११.ठेक्का सम्झौता गर्दा कबोल अंकको ५० प्रतिशत रकम अग्रीम बुझाएमा मात्र सम्झौत ागर्न सकिने छ र बाकी ५०प्रतिशत रकमको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

१२.सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुने छ ।ठेकदारको कमजोरीको कारण कर उठाउन नसकेमा कार्यालयमा मिनाहा।क्षतिपुर्ति अथवा कुनै किसिमको दावी गर्न पाइने छैन ।

१३..ठेकेदारले सम्वन्धीत आय संकलन क्षेत्रको राम्रो संग अध्ययन गरि बुझेर मात्र बोलपत्र दाखिला र सम्झौता गर्नु पर्ने छ राम्रो संग बुझि सम्झौता गरि सकेपछि सम्झौता अनुसारको रकम कार्यालय लाई बुझाउने दायित्व सम्वन्धीत ठेकेदारको हुने छ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुने छैन

१४..करका दरहरु यस कार्यालयबाट बोलपत्र साथ प्राप्त हुने छ

१५.यसमा उल्ललेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

(विक्रम बहादुर चन्द)
प्रमुख प्रशासकिय अधिकृत